"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मितिः २०७७/०७/०५

बडादशैं, २०७७ को सुखद् उपलक्ष्यमा महालक्ष्मी नगरपालिकाका प्रमुख श्री रामेश्वर श्रेष्ठद्वारा जारी

## शुभकामना सन्देश

नेपालीहरुको महान चाड बडादशैं, २०७७ को सुखद् उपलक्ष्यमा महालक्ष्मी नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुसँगै स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

दशैंलाई नेपालीहरूको सबैभन्दा विशेष पर्व मानिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिन पूजापाठ, व्रत र उत्सवकासाथ मनाइने चाड भएको हुनाले यसलाई दशैं वा 'विजया दशमी' का नामले पनि चिनिन्छ । यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिइन्छ । यसकारण, यस दशमीलाई विजया दशमी भनिएको हो ।

उमङ्गमय वातावरणमा टाढाटाढा देश–परदेशमा गएका आफन्तजनहरूसँगको मिलन हुने भएका कारणले पनि दशैंको विशेष प्रकारको महत्व छ । मीठो खाने, राम्रो लगाउने र मनोरञ्जन गर्ने फुर्सदिलो क्षण मात्र नभएर नातासम्बन्धलाई गाढा बनाउने तथा चिसिएको सम्बन्धलाई न्यानो बनाउने पारिवारिक तथा साँस्कृतिक अवसरको रुपमा पनि दशैंको महत्व छ ।

कोरोना भाइरस (कोभिड १९)को विषम परिस्थितिलाई ध्यानमा राख्दै आफू र आफ्नो परिवारलाई सुरक्षित राखेर दशैं मनाउन अपिल गर्दछु । दशैंमा एउटै घरमा बसोबास गर्न, घरपरिवारका व्यक्तिबाहेक अन्यसँग भेटघाट कम गर्न र भेटघाट गर्नैपर्ने भए स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गर्दछु । साथै, अनिवार्य रुममा स्वास्थ्य सावधानी अपनाउँदै मास्क र स्यानिटाइजरको प्रयोग गर्न र अभिवादन गर्दा टाढैबाट नमस्कार गर्न मेरो विशेष अनुरोध छ ।

अन्त्यमा दशैँ राष्ट्रिय एकताको कारण बनोस् र देशमा सर्वत्र शान्ति छाओस्, विजया दशमीको यही शुभकामना ।

.................

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np